# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

च.नं.
प.सं.

**बसपार्क (टर्मिनल भवनसमेत) पार्किङ शुल्कको ठेक्का व्यवस्थापनका लागि भएको बोलपत्र आव्हानको सार्वजनिक सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०२/०८**

विराटनगर महानगरपालिका वडा नं. ११ रहेको बसपार्क टर्मिनल भवनसमेत पार्किङ शुल्कको वाट आ.व.२०८३/०८४ को पार्किङ शुल्क संकलन गर्नका लागि ईच्छुक मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्म कम्पनी वा संस्थाहरुलाई रु. ३,०००। (तिन हजार मात्र पछि फिर्ता नहुनेगरी) कृषि विकास बैंकमा रहेको विराटनगर महानगरपालिकाको खाता नं. ०६०१६०११४५९७३११३ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्रमा सूचनामा उल्लेख भएको शर्तहरुलाई प्रष्ट रुपमा बुझेर मात्र बोलपत्र फाराम खरिद गर्नहुन सबै सरोकारवाला व्यक्ति, फर्म, कम्पनीहरुलाई जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**<u>अन्य अनिवार्य शर्तहरु</u>**

१) महानगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको दररेट अनुसार पार्किङशुल्क संकलन गर्नुपर्नेछ ।पार्किङ शुल्क असुल गर्दा बसपार्क भित्र र सोको २०० मिटर वरपर पार्किङ गरेका भाडाका चारचक्के सवारी साधन बाट असुल गर्नुपर्नेछ ।

२) वोलपत्रदाताले बोलपत्र पेश गर्दा कवोल गरेको रकमको १० प्रतिशत रकम विराटनगर महानगरपालिकाको नाममा कृषि विकास बैंकको खाता नं. ०६०१६०११४५९७३०३२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल कागजात संलग्न राख्नु पर्नेछ ।

३) **बोलपत्र प्राप्त गर्ने अन्तिम मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयमा राजश्व व्यवस्थापन महाशाखाबाट बोलपत्र फाराम उपलब्ध गराईनेछ । उक्त दिन बिदा भएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा बोलपत्र फाराम लिनसकिनेछ ।

४) **बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र स्थानः** सूचना प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे सम्म राजश्व व्यवस्थापन महाशाखामा सिलबन्दी बोलपत्र फाराम पेश गर्नुपर्नेछ । उक्त दिन बिदा भएमा सोको भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयमा बोलपत्र फाराम पेश गर्नुपर्नेछ ।

५) **बोलपत्र पेश गर्ने तरिकाः** बोलपत्र सिलवन्दी लाहाछाप गरी छाप सख्या खुलाई विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यलयमा तोकिएको समयमा पेश गर्नुपर्नेछ ।

६) **बोलपत्र खोल्ने समयः** सूचना प्रकाशित मितिले ३१औं दिन दिनको २:०० वजे यस कार्यालयमा नियामानुसार बोलपत्र खोलिनेछ । सो दिन खोल्न नसकिएमा कार्यालयले तोकेको मितिमा खोलिनेछ ।

**७) न्युनतम रकमः** न्यूनतम ठेक्का रकम तपशिल बमोजिम निर्धारण गरिएकोछ ।

| क्र.स. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्का रकम रु (VAT,TDS, न.पा. कर वाहेक) | बोलपत्र फारम खरिदको समय सीमा |
|---|---|---|---|---|
| १ | बसपार्क (टर्मिनल भवन समेत) पार्किङ शुल्क | आ.व.२०८३/०८४ आषाढ मसान्तसम्म | रु.१,३०,०४,०००/ एक करोड तीस लाख चार हजार मात्र | सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म । |

**नोटः** थप जानकारी तथा शर्त विराटनगर महानगरपालिकाको राजश्व व्यवस्थापन महाशाखा अथवा यस कार्यालयको आधिकारिक वेवसाईट www.biratnagarmun.gov.np र बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

फोन:९७७–२१–५२३३०८,फ्याक्स:९७७–२१–५१५४५२,ईमेल:info@biratnagarmun.gov.np

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल


च.नं.

प.सं.

### अन्य थप जानकारी तथा अनिवार्य शर्त

१) ठेक्का सकार गर्ने ठेकदारले लाग्ने मू.अ.कर, अग्रिम आयकर र न.पा. कर स्वयम्ले बेहोर्नुपर्नेछ ।

२) बोलपत्रमा ठेक्का रकम उल्लेख गर्दा अङ्कमा र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परेमा अङ्क र अक्षरमध्ये जुनमा वढी रकम उल्लेख भएको छ सोहीलाई मान्यता दिईनेछ ।

३) सम्झौता गर्दाका बखत ५० प्रतिशत किस्ता रकमका साथै सोमा लाग्ने सम्पूर्ण कर बुझाएपछि मात्र सम्झौता गरिनेछ । सम्झौता नगरेसम्म ठेक्का रकम असुल गर्न पाइने छैन । सम्झौता गर्दा दाखिला गरेको रकम बाहेक बाँकी सबै ठेक्का र कर समेतको नगद वा बैंक जमानतपत्र २०८४ को श्रावण मसान्तसम्म म्याद भएको बैंक जमानत वा नगद धरौटी पेश गर्नुपर्नेछ । बैंक जमानत तथा नगद धरौटी नराखी सम्झौता गरिने छैन ।

४) सम्झौता गर्दा दाखिला गरी बाँकी रहेको ५० प्रतिशत ठेक्का रकम सोहि आ.व.को पौष मषान्तमा २५ प्रतिशत र सोहि आ.व.को आषाढ तेस्रो हप्तामा २५ प्रतिशत रकम बुझाउनु पर्नेछ । सो समयमा बुझाउन नसकेमा दैनिक रु.१,०००। (एक हजार मात्र) जरिवाना लाग्नेछ। बाँकी ठेक्का रकम बुझाउने अवधि नाघेको तिन महिना भित्रमा समेत ठेक्का रकम बुझाउन नसकेमा बैक जमानता वा नगद धरौटीबाट पहिलो पक्षले पाउने सबै ठेक्का रकम असुल गरी नगर कार्यपालिकाले ठेक्का रदद्द गरि पुनः ठेक्का प्रक्रियामा लैजानेछ ।

५) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ

६) ठेक्का अवधिमा बन्द, हड्ताल आदि भएमा त्यस वापत कुनै छुट मिनाहको दाबी गर्न पाइने छैन ।तर राष्ट्रिय संकटकाल प्लेगऽ हैजा, महामारी जस्ता कारणले नेपाल सरकार, प्रदेश सरकार वा विराटनगर महानगरपालिकाले आवतजावतमा वा सवारी सञ्चालनमा रोक लगाएमा विपद् व्यवस्थापन समितिको सिफारिसमा नगर सभाले निर्णय गरि छुट मिनाहा गर्न सक्नेछ । शुल्क संकलन गर्दा व्यवसायिक मर्यादा कायम गर्नुपर्नेछ ।

७) वोलपत्रका साथ महानगरपालिकाको आर्थिक ऐन, २०८३ अनुसार पार्किङ शुल्क उठाउनु पर्नेछ ।

८) स्वीकृत ठेक्का रकममा मू.अ.कर १३ प्रतिशत अग्रीम आयकर १.५ प्रतिशत र न.पा. कर १.५ प्रतिशत थप गरी सम्झौता गरिनेछ ।तोकिएको दररेट अनुसार मात्र उठाउनु पर्नेछ अन्यथा गरेमा प्रतिपटक रु.१०००। जरिवाना गरिनेछ ।

९) बसपार्कभित्र रहेको शौचालयबाट समेत शुल्क संकलन गर्न पाउने छ ।बसपार्कमा रहेको भवनको विमा विराटनगर महानगरपालिकाले गर्नेछ भने बसपार्कको नियमित सरसफाई, रेखदेख र नियमित बिजुलीको बिल भुक्तानी गर्ने दायित्व समेत ठेकदारको हुनेछ ।

### संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. आ.व. २०८२।०८३ सम्म नविकरण भएको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर प्रमाणपत्रको प्रतिलिपि

३. करचुक्ता (आ.व. २०८१/०८२) प्रमाणपत्रको प्रतिलिपी र संस्था सूचिकृत भएको प्रमापत्रको प्रतिलिपि

४. एकल स्वामित्वको फर्मको हकमा प्रोप्राइटरको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको प्रतिलिपि ।

फोन:९७७–२१–५२३३०८,फ्याक्स:९७७–२१–५१५४५२,ईमेल:info@biratnagarmun.gov.np